गणेशमान चारनाथ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बिरेन्द्रबजार, धनुषा

प्रदेश नं. २, नेपाल

पत्र संख्या :-२०७७/७८

चलानी नं. :- २५

मिति: २०७७।०४।०६

## प्रेश विज्ञप्ति

मिति २०७७/०४/५ र ६ गते विहान पनि केही संचार माध्यमहरु पत्रपत्रिका र अन लाइन खवरहरुमा यस नगरपालिकाका नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, इन्जिनियर समेतको नाम पद जोडी नगर प्रमुखको स्वास्थ्य सम्बन्धमा नियमित स्वास्थ्य परीक्षणका लागि कर्जन्हाको अस्पताल गएको कुरालाई समेत तोडमडोर गरी भ्रामक खबर प्रकाशित प्रशारित भएकोमा गम्भिर ध्यानाकर्षण भएको छ । त्यसरी प्रकाशित प्रशारित कुराहरुमा कुनै सत्यता नरहेकोले घोर आपत्ती प्रकट गर्दै खण्डन गर्दछौं । यस पालिकाका जिम्मेवार पदाधिकारीहरु र कर्मचारीहरुबीच कुनै विवाद भएको छैन । तसर्थ नगर पालिका र नगर पालिका परिवारप्रति मान सम्मानमा आँच आउने र फाटो गराउने कुत्सित प्रयास गरी मर्यादित रहनु पर्ने संचार जगत प्रति नै अविश्वास हुने गरी यस्ता भ्रामक समाचार प्रकाशन प्रशारण नगर्न हुन विनम्रतापूर्वक सचेत गराउन चाहन्छौं ।

(मित्र प्रसाद काफ्ले)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत

(रामबाबु यादव)
नगर प्रमुख
रामबाबु यादव
नगर प्रमुख

Email : ganeshmancharnath@gmail.com/URL: - charnathmun.gov.np/Tel: 041-427029